STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES
Siddhartha Chowk, Pokhara, Nepal
061 578812, 573093 9856031631, 9856071671
info@beaconedu.com.np

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क १७२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ असार २१ गते सोमबार ❑ 5 July 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रु. २।-

## पीडितको उद्धार र राहतका लागि सबै संयन्त्र परिचालन

**रासस**
**काठमाडौं, २० असार**

उपप्रधानमन्त्री विष्णुप्रसाद पौडेलले मनसुनजन्य विपद्का घटनाबाट पीडितको खोज तथा उद्धार र राहतका लागि राज्यका सबै संयन्त्रको समन्वयात्मक परिचालन गरिएको जानकारी दिए।

राष्ट्रियसभाको आजको बैठकमा गृहमन्त्री पौडेलले मनसुनजन्य विपद्का घटनाको क्षति, खोज, उद्धार, राहत एवं पुनःस्थापनाका सम्बन्धमा सार्वजनिक महत्वको वक्तव्य दिँदै खोज तथा उद्धारका लागि जोखिम सम्भावित क्षेत्र नजीकका सुरक्षा एकाइमा सुरक्षाकर्मीलाई तैनाथ गरिएको बताए। पहिराको जोखिम संवेदनशीलतासमेतका आधारमा सडकविभागअन्तर्गतविभिन्नस्थानमा आवश्यक उपकरण र जनशक्ति तैनाथ गरिएको उनले जानकारी गराए । उपप्रधानमन्त्रीले भने, "राजमार्ग अवरुद्ध हुनासाथ पहिरो हटाई यातायात सञ्चालन गर्ने प्रयास जारी राखिएको छ। कतिपय राजमार्गमा आएको अवरोध हटाई एकतर्फीपमा सञ्चालनमा ल्याइएको छ।"

उनका अनुसार ठूलो क्षति भएका कारण बेंसीशहर-मनाङ सडक, अरनिको राजमार्ग, बाजुराको मार्तडी-कोल्टी सडक र कुलेखानी-हेटौँडा सडकका विभिन्न स्थानमा अवरुद्ध सडक सञ्चालन गर्ने प्रयास जारी छ । सेती दोभानलगायत मुग्लिङ-नारायणघाट खण्डका विभिन्न स्थानमा झरेको पहिरो हटाई यातायात सञ्चालन गर्ने प्रयास निरन्तर जारी छ।

यस वर्ष मनसुन शुरू भएयता (२०७८ जेठ ३१ गतेदेखि आजसम्म) देशका विभिन्न जिल्लामा मनसुनजन्य विपद्का २२६ घटना भएको तथा सिन्धुपाल्चोक, बाजुरा, गोरखा, तनहुँ, धादिङ, चितवन, डोटीलगायत २२ जिल्लामा ३९ जनाको मृत्यु, ३१ बेपत्ता र ४६ जना घाइते भएको सरकारले जनाएको छ। विसं २०७८ असार १९ मा परेको अविरल वर्षाका कारण सुनसरीको थला, ट्याङ्ग्रा, बूढी, केशलिया, धनुष खोलामा बाढी आई आसपासका करीब २०० घर डुबान भएको प्रारम्भिक विवरण प्राप्त भएको उनले बताए । पीडितलाई स्थानीय विपद् व्यवस्थापन समिति, जिल्ला विपद् व्यवस्थापन समिति तथा सुरक्षा निकायका सक्रियतामा सुरक्षित स्थानमा स्थानान्तरण गरिएको छ । सोही दिन पर्सा जिल्लाको सिर्सिया खोलाको बाढीले डुबानमा परेका ३१ घरपरिवारलाई स्थानीय प्रहरीको सक्रियतामा सुरक्षित स्थानमा स्थानान्तरण गरिएको छ। मनसुनजन्य विपद्का घटनाबाट मानवीय क्षतिका साथै सयौँ घरपरिवार विस्थापित भएका छन् । हालसम्म सिन्धुपाल्चोक, मनाङ, लमजुङ, कास्की, गोरखा, अर्घाखाची, खोटाङ, तनहुँ, सर्लाहीलगायत जिल्लामा ५०५ निजी घर पूर्णरूपमा तथा ११२ घरमा आंशिक क्षति भएको सरकारको तथ्याङ्क छ । छत्तीस सरकारी कार्यालयका भवन क्षतिग्रस्त भएका छन् । त्यसैगरी नौ विद्यालय तथा सामुदायिक भवनमा क्षति पुगेको छ। विपद्बाट सिन्धुपाल्चोक जिल्लामा सात, मनाङ र चितवनमा दुईदुई, तथा तनहुँ मोरङ, उदयपुर र सिरहामा एक गरी जम्मा १५ वटा मोटरेबल पक्की पुलको क्षति भएको छ । मनाङमा पाँच मोटरेबल काठेपुलको क्षति भएको छ। सिन्धुपाल्चोकमा १४, मनाङमा सात र मस्याङ्दी नदीको एक्लेफाँटमा (तनहुँ र गोरखा जोड्ने) एक गरी २३ वटा झोलुङ्गे पुल क्षतिग्रस्त भएका छन् । विषयगत निकायबाट तत्काल कार्ययोजना बनाइ क्षति भएका सार्वजनिक सम्पत्ति र पूर्वाधारको पुनःनिर्माण गरिने उपप्रधानमन्त्री पौडेलले अवगत गराए।

## वेशीचोकमा पहिरो अवलोकन गर्दै सांसद बरालद्धारा पहिरो व्यवस्थापनमा पहल गर्ने आश्वासन

**पोखरापत्र संवाददाता**
**पोखरा, २० असार**



गण्डकी प्रदेशका सांसद रामजी प्रसाद बराल (जीवन) ले पोखरा १९ स्थित वेशीचोकमा गएको पहिरोको अवलोकन गर्दै पहिरो व्यबस्थापनमा आवश्यक पहल गर्ने बताएका छन्।

आइतबार पोखराको घार्मी हुदै वेशीचोक पुगेका सांसद बरालले तत्काल पहिरो व्यबस्थापना कठिन हुने बताउदै पहिरो खस्न रोकिएसंगै त्यसको व्यबस्थापन सहित सडक संचालनको लागि आवश्यक पहल गर्ने बताएका हुन् । पहिरो व्यबस्थापन सहितको त्यस क्षेत्रको सडक निर्माणमा अल्पकालिन र दृर्घकालिन रुपमा राम्रो इन्जिनियरिङ गरेर व्यबस्थापन गर्नुपर्ने सांसद बरालको भनाई छ। राम्रो इन्जिनियरिङ गर्न नसक्दा नेपालका धेरै सडक, पुल सहितका भौतिक पूर्वाधार बर्षादको पानीले जोखिम निम्ताउने गरेको उनले दाबी गरे । पुर्वाधार विकास कार्यालय कास्कीका डिभिजन प्रमुख दिनेश घिमिरेले गत बर्ष पनि बर्षादको समयमा ठुलो पहिरो आएको कारण करिब ४० लाख लगानीमा ग्वाविन तार झाली सहित सडक निर्माण भए पनि हाल सोही स्थानमा ठुलो पहिरो आएको बताए । हाल पनि पहिरो नरोकिएकोले पहिरो रोकिय पछि मात्र सडक संचालन सहित पहिरो व्यबस्थापन गर्नुपर्ने उनले जनाए । धेरै पटक जेसिभिबाट सडकमा आएको पहिरो हटाउदै आए पनि यस पाली ठुलो मात्रामा र हाल पनि पहिरो खस्नेक क्रम नरोकिएकोले तत्काल सडक खुलाउन नसकिने भएको पोखरा १९ का वडा अध्यक्ष शोभामोहन पौडेलले बताए। तल्लो क्षेत्रमा भोटिखोला सिंचाई योजना भएकोले पहिरोले

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## सत्तरी प्रतिशत पाठ्यपुस्तक बिक्री, नयाँ नक्साको बेग्लै पृष्ठ पठाइयो

**रासस**
**काठमाडौं, २० असार**

सरकारी स्वामित्वको जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले नयाँ शैक्षिक सत्रका लागि उत्पादित पाठ्यपुस्तक हालसम्म ७० प्रतिशत बिक्रीवितरण गरेको छ।

कोरोना महामारी र निषेधाज्ञाका बीच पाठ्यपुस्तक उत्पादन र वितरणलाई अत्यावश्यक सेवामा राखिएपछि लिमिटेडबाट छापिएका पाठ्यपुस्तक विभिन्न प्रदेश र जिल्लामा बिक्रेतामार्फत ढुवानी गराइएको हो। विगतका तय गरिएका पाठ्यक्रम मुद्रणीय प्रति (सिआरसी) का आधारमा पहिल्यै छापिइका पाठ्यपुस्तकमा नेपालको कालापानी, लिम्पियाधुरा र लिपुलेक समेटिएको नयाँ राजनीतिक नक्सा समावेश नभएकामा सम्बन्धित पृष्ठमा नक्साबारे अलग्गै पृष्ठ छापेर विद्यालय-विद्यालयमा पठाउने काम पनि केन्द्रले गरिरहेको छ । हाल मुद्रण भइरहेका पाठ्यपुस्तकमा नयाँ नक्सासहित छपाइ भइरहेको केन्द्रका प्रबन्ध सञ्चालक अनिलकुमार झाले बताए। विद्यालय तहका पाठ्यपुस्तक विद्यार्थीलाई निःशुल्क उपलब्ध गराउने सरकारको दायित्व हो। कक्षा १ देखि ३ सम्मका पाठ्यपुस्तक निजी क्षेत्रका प्रेसले उत्पादन गर्दै आएका छन् भने सो तहभन्दा माथिका लाागि जनक शिक्षाले उत्पादन गर्दै आएको छ। वितरणका लागि केन्द्रले मुलुकका आफ्ना प्रादेशिक र अन्य कार्यालयमा गरी एक हजार एक सय बिक्रेता नियुक्त गरेको छ। शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री कृष्णगोपाल श्रेष्ठले नयाँ नक्सा समावेश गर्न निर्देशन दिएपछि यही असार १५ गते पाठ्यक्रम विकास केन्द्रले जनक शिक्षा लिमिटेडलाई त्यसबारे पत्राचार गरेको थियो । पाठ्यक्रम विकास केन्द्रले आग्रह नगरेसम्म उत्पादनकर्ता निकायले पाठ्यपुस्तकमा परिमार्जन गर्न पाउँदैन । नयाँ (चुच्चे) नक्सा अनुसार नेपालको क्षेत्रफल बढेर एक लाख ४७ हजार ५१६ कायम भएको छ । संसद्बाट संविधान संशोधन भएपछि नेपालका नयाँ राजनीतिक नक्सा २०७७ जेठ ७ गते भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले सार्वजकि गरेको थियो। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र पाठ्यक्रम विकास केन्दले समयमा नयाँ नक्साबारे पाठ्यसामग्रीमा परिमार्जनका लागि समयमा औपचारिक पत्राचार नगर्दा बजारमा गइसकेका पाठ्यपुस्तकमा पुरानै नक्सा समावेश भएको गुनासो आएको थियो।

## थप १,६०३ संक्रमित भेटिए, २७ को मृत्यु

**रासस**
**काठमाडौं, २० असार**


नेपालमा थप एक हजार ६०३ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ। योसँगै नेपालमा कोरोना भाइरसबाट सङ्क्रमितको सङ्ख्या छ लाख ८२ हजार ७३९ पुगेको छ।

थप चार हजार ८७६ जनाको पिसिआर परीक्षण तथा तीन हजार २५६ जनाको एन्टिजेन विधिबाट कोरोना परीक्षण गरिएको थियो । पिसिआर विधिबाट एक हजार ४२ तथा एन्टिजेनबाट ५६१ जनामा सङ्क्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा कृष्ण पौडेलले जानकारी दिए। हालसम्म छ लाख नौ हजार २१८ जना कोरोना भाइरसबाट मुक्त भइ घर फर्किएका छन् । पछिल्लो २४ घण्टामा देशभर दुई हजार ५५२ सङ्क्रमित निको भएर घर फर्किएका छन् । काठमाडौं उपत्यकामा पछिल्लो समय ४६१ सङ्क्रमित थपिएका छन् । काठमाडौँमा ३४२, ललितपुरमा ८८ तथा भक्तपुरमा ३१ जनामा सङ्क्रमण पुष्टि भएको मन्त्रालयले जनाएको छ।

पछिल्लो समय नेपालमा कोरोना भाइरसको सङ्क्रमणबाट थप २७ सङ्क्रमितको मृत्यु भएको छ । योसँगै कोरोना भाइरसको सङ्क्रमणबाट ज्यान गुमाउनेको सङ्ख्या नौ हजार २२५ पुगेको मन्त्रालयले जनाएको छ।







# मनाङका सरकारी कार्यालयमा सोलार जडान

**पोखरापत्र संवाददाता**
**पोखरा, २० असार**

बाढीपहिरोका कारण विद्युत् सेवाबाट विच्छेद भएको मनाङको सदरमुकाम चामेका सरकारी कार्यालयमा आजदेखि सोलार जडान गरिनेभएको छ।

बयालीस किलोवाटको लघु जलविद्युत् आयोजना बाढीले बगाएपछि गत जेठ ३० गतेदेखि चामेका सरकारी कार्यालयमा विद्युत् सुविधा विच्छेद भएको थियो । सरकारी कार्यालयमा विद्युतीय भुक्तानी सेवा, सूचना प्रविधि र कम्प्युटर प्रणालीमा आधारित सरकारी सेवा प्रवाह अवरुद्ध भएपछि गण्डकी प्रदेश सरकारले सोलार उपलब्ध गराएको हो। सरकारले १६ वटा कार्यालयका लागि चार चरणमा सौर्य ऊर्जा प्रणालीका सामग्री शनिबार



चामे पुऱ्याएको हो । पोखराबाट बैंसीशहर लगिएको भए पनि मौसम खराब भएका कारण सामान चामे पुऱ्याउन सकिएको थिएन। शनिबार मौसम खुलेसँगै ती सामग्री मनाङ पुऱ्याइएको र आजदेखि जडान शुरु गरिने ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयका सिडिई हरिदत्त पौडेलले जानकारी दिए । करिब रु १९ लाखको सामान ढुवानीका लागि रु चार लाख ३१ हजार खर्च भएको छ। सबै खर्च गण्डकी सरकारले नै बेहोरेको छ। सार्वजनिक खरिद ऐनको दफा ४१(१) (घ३) बमोजिम विशेष परि स्थितिमा सार्वजनिक खरिद प्रक्रिया अपनाई सामान पठाइएको हो । प्रत्येक कार्यालयका लागि १५० वाटका दुई वटा सोलार प्यानल, दुई वटा ब्याट्री र इन्भर्टर उपलब्ध गराइएको छ । बाढी पहिरोका कारण जिल्लाका स्थानीयस्तरका लघुजलविद्युत् योजनामा क्षति पुगेको छ। राष्ट्रिय प्रसारण लाइनको पोल ढलेका कारण मनाङ सदरमुकाम चामेसहित गाउँहरूमा बिजुली बलेको छैन। असार मसान्तमा सम्पादन गर्ने कामसमेत बिजुली नभएकै कारण प्रभावित भएका छन् । मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलको अध्यक्षतामा यही असार ६ गते बसेको प्रदेश विपद् व्यवस्थापन समितिको बैठकले सोलार खरिद गरेर पठाउने निर्णय गरेको थियो।



उद्धार गरिएको पोथी चितुवाः पोखरा महानगरपालिका-८ सिमलचौरस्थित नागबेली टोलबाट आइतबार डिभिजन वन कार्यलय कास्कीको टोलीले स्थानीयको शौचालयबाट उद्धार गरिएको पोथी चितुवा।
तस्वीर : राधिका कँडेल, रासस

# घर भाडा र बैंक ब्याजमा छुट दिन फेन्सी व्यवसायीको माग

**पोखरापत्र संवाददाता**
**पोखरा, २० असार**

फेन्सी तथा रेडिमेड व्यवसायी सघ पोखराले गत वर्ष झैं यस वर्ष पनि विश्वव्यापी रुपमा फैलिएको दोस्रो चरणको कोरोना सक्रमणले व्यवसायमा मन्दी आएपछि घरभाडामा विशेष छुट दिन आग्रह गरेको छ।

फेन्सी तथा रेडिमेड व्यवसायी सघ पोखराले कम्तीमा पनि पचास प्रतिसत घरभाडा छुट गर्न घरधनी तथा कम्पनीलाई आग्रह गरेको हो । हाल देखिएको आर्थिक मन्दीले व्यवसाय चौपट्ट भएको बताउँदै न्युनतम ५० प्रतिसत भाडा छुट गरी व्यवसायीलाई राहात दिन पोखरा महानगरपालिका भित्रका घर बहाल लगाउने घर धनी तथा कम्पनीलाई अनुरोध गरिएको फेन्सी तथा रेडिमेड व्यवसायी सघका अध्यक्ष राजु पौडेलले जानकारी



दिए। कोरोना समस्याले व्यवसायमा देखिएको मन्दीले सम्पूर्ण व्यवसायीलाई ठुलो समस्या परेको भन्दै हाल बैंक व्याज तिर्ने बेलामा समस्या भएको संघले ठहर गरेको छ। सकेसम्म सो समयको बैंक ब्याज मिनाह गरीदीन आग्रह गर्दै वा सो समयको बैंक ब्याज बुजाउने समय थप गर्न र तिर्न मिल्ने वातावरण बनाइदिन पनि सघले आग्रह गरेको छ । साथै यस विषम परिस्थितिमा सम्पुर्ण आफ्ना व्यवसायीलाइ धैर्यताका साथ सुरक्षित रहदै स्वाथ्य सुरक्षाका उपायहरु अवलम्वन गर्दै आ आफ्नो व्यवसाय सन्चालन गर्न समेत आग्रह गरेको छ।

# वेशीचोकमा...

लगेकोले १०/१० इन्चका दुई वटा पाइपको सहायताबाट पानीको सिंचाईको व्यबस्थापन गरिएको उनले जनाए । दृर्घकालिन सोच बनायर पहिरोलाई व्यबस्थापन गर्न नसके मिनि कृष्ण भिरको रुपमा वेशीचोक पहिरोको उच्च जोखिममा हुने भएको अध्यक्ष पौडेलले बताए।

पानी व्यबस्थापन र राम्रो इन्जिनियरीङ हुन नसक्दा गत बर्ष ४० लाख खर्चियर बनाएको ग्वाविन झाली सहितको सडक यस बर्षको बर्षादको समयमा पहिरोले बगाएको पोखरा १९ वेशीचोकका स्थानियको दाबी छ। राम्रोसंग इजिनियरिङ गर्न नसक्दा र पोखरा महानगरपालिकाले घार्मी देखि आएको सडक तथा नालाको पानीलाई व्यबस्थापन गर्न नसक्दा यसपाली पनि सोही ठाँउमा ठुलो पहिरो गएको स्थानिय चन्द्रे सुनारले बताए।

उनले भने गत बर्ष निर्माण गरेको ग्वाविन झाली सहितको सडक यस बर्षको भलपानीमा क्षेति पुऱ्याएको छ, बर्षादको पानीलाई व्यबस्थापन गर्न नसक्दा वालुवामा पानी हालेसरी बजेट स्वाहाः भयो ।" यस बर्ष पनि असारको दोस्रो हप्तामा पहिरो आएकोले हाल पनि पहिरो खस्ने क्रम नरोकिएकोले गर्दा आफुहरुको बस्ती नै जोखिममा भएको सुनारले गुनासो गरे।

नाम नवताउने सर्तमा एक युवाले विना इन्जिनियरिङका कारण गत बर्ष भएको लगानी यस बर्ष वालुवामा पानी हालेसरी स्वाहाँ भएको दाबी गरे।

# बाढी पहिराले सडक र गोरेटो रहेन

**पोखरापत्र संवाददाता**
**मनाङ, २० असार**

बाढी पहिराबाट प्रभावित हिमाली जिल्ला मनाङका स्थानीयवासीलाई सदरमुकाम पुग्न सकस भएको छ। बाढी पहिराले एक ठाउँबाट अर्को ठाउँ पुग्नका लागि सडक सञ्जाल पूर्ण रूपमा टुटेको छ भने अस्थायी रूपमा बनाइएका गोरेटा मर्स्याङ्दी नदीले बगाएको छ।

तिमाङबाट सदरमुकाम पुग्नुपर्ने सर्वसाधारणका लागि बनाइएको गोरेटो बाटोसमेत बाढीले बगाएपछि सकस भएको छ । प्रमुख जिल्ला अधिकारी विष्णु लामिछाने भन्नुहुन्छ, "बाढीपहिराले सडक देखिदैन, खोल्सीमा मान्छेसमेत हिँड्ने ठाउँ छैन, भित्ता मात्रै बाँकी छ, सडक मर्स्याङ्दीमा खसेको छ, भित्तो टेक्दै, समात्दै हिँड्नुपर्छ, लडियो भने सिधै मर्स्याङ्दी नदीमा पुगिन्छ।" उनका अनुसार कोतो नजिकै चामे जाने बाटो पनि मर्स्याङ्दीले बगाएको छ भने सडक छियाछिया बनेको छ। नासों गाउँपालिका-२ नाचैका अध्यक्ष भीमबहादुर गुरुङका अनुसार मर्स्याङ्दी नदी वरिपरि दुवैतर्फ हिँड्ने बाटो समेत छैन। मुस्किलले खोत्रोको झोलुङ्गे पुल तरेर बेंसीसहर पुगेको उहाँले बताउनुभयो। "धन्न खोत्रोको पुल बाँकी राखेछ बाढीले, अरू सबै बगाइदियो, बाटो नभएपछि जङ्गल हिँड्न बाध्य भएका छौं", उहाँले भन्नुभयो। जेठ ३१ देखिको परेको वर्षाले बेंसीसहर-चामे सडक पूर्ण रूपमा अवरुद्ध छ।

कम क्षति भएको भनिएको लमजुङ खण्डमा समेत सवारी चल्न सकेको छैन। एउटा मात्र विकल्प हेलिकप्टरले राहत ओसारिरहेको छ। बेंसीसहरदेखि मनाङ सिमाना म्यार्दीसम्मको ३५ किलोमिटरमा म्यार्दीदेखिचामेसम्मको३०किलोमिटर सडकमा बढी क्षति भएको छ। बाढीले सडक र गोरेटो मात्रै नभई बेलिब्रिज, काठेपुल, कल्भर्ट पनि बगाएको छ। केही ठाउँमा बाटो देखिए पनि कतिपय ठाउँमा बाटोको निसानासमेत नरहेको लामिछानेले बताउनुभयो। "बाढीपहिराले धेरै दिन चामेभन्दा बाहिर निस्कनै सकिने अवस्था थिएन, बाटो हेर्न निस्किएको चार पाउ टेकेर थानचोकसम्म पुगियो, त्यसपछि अघि बढ्न भने सकिएन र त्यहीबाट फर्कियौँ", उहाँले भन्नुभयो।

उनका अनुसार कोतो नजिकै पहिराले सडक भासिएपछि अझ सकस भएको छ। मानिस अहिले जङ्गलबाट बाटो बनाउँदै हिँड्नु परेको छ। थानचोक नजिकै चट्टान मात्रै बाँकी रहेको मर्स्याङ्दीले पहिरो खसेको छ। कोतो, थानचोक, तिमाङ,धारापानी,दानक्यु-बगरछाप, खोत्रो, सिरानताल, म्यार्दीलगायत स्थानमा बाढीपहिराले सडक बढी क्षति पुऱ्याएको छ।

लमजुङतर्फको सडक खण्डअन्तर्गत खरखरे, घट्टेखोला, रामबजार, स्याँगे, च्याम्चेलगायत क्षेत्रमा पहिरो गएको छ। मनाङ सदरमुकाम चामेबाट पहिरा पन्छाउने योजना बनाए पनि पर्याप्त मात्रामा पेट्रोल, डिजेल ल्याउन नसक्दा समस्या भएको प्रजिअ लामिछानेले बताउनुभयो। "हेलिकप्टरबाट फ्युल ल्याएर चामे, तिमाङ र माथिल्लो तिमाङमा राख्ने योजना गरिएको छ, निरन्तर वर्षा र खराब मौसमले हेलिकप्टर पनि आउन सकेको छैन, समस्याले काम गर्न पनि मुस्किल भएको छ", उहाँले भन्नुभयो । बेंसीसहर-चामे सडकको कुल ६५ किलोमिटरमध्ये मनाङतर्फको सडक खण्डमा धेरै क्षति पुगेको छ। लमजुङतर्फ खण्डको पहिरो हटाउन थालिएको छ। डुम्रे-बेंसीसहर-चामे सडक योजनाका इञ्जिनीयर सुरज महर्जनका अनुसार लमजुङ खण्डमा बेंसीसहरदेखि पहिरा सफा गर्ने कार्य थालिएको छ। "खरखरेको पहिरो हटाएका छौं, पानी पार्ने क्रम जारी नै छ, माटो, ढुङ्गा फाल्ने काम भइरहेको छ," उहाँले भन्नुभयो, "रामबजारभन्दा अगाडि सडक नै मर्स्याङ्दीले तानेको छ, नयाँ ट्र्याक बनाएका छौं ।" उहाँका अनुसार अर्खलेको २ ठाउँमा नयाँ ट्र्याक खोलिएको छ। "नयाँ ट्र्याक बनाउनका लागि कतिपय ठाउँमा बम ब्लास्टिङ गर्नुपर्ने देखिन्छ, त्यस्तो ठाउँमा नेपाली सेनाको सहयोग लिनेछौँ, मौसममा सुधार हुँदै गएमा केही दिनमा रामबजारतर्फ खुला गर्न सकिन्छ, त्यसपछि २/३ दिनमा हामी सीमा क्षेत्र म्यार्दीको सडकमा काम गर्नेछौँ", महर्जनले भन्नुभयो।

डुम्रे-बेंसीसहर-चामे सडक योजनाका प्रमुख सिनियर डिभिजन इन्जिनियर अमितकुमार श्रेष्ठले भन्नुभयो, "लमजुङ खण्डको सडक सफा गर्ने र नयाँ ट्र्याक खोल्ने कार्य केही दिनमा सकिनेछ ।" उहाँका अनुसार दैनिक ३ वटा एक्स्काभेटर र २ वटा लोडरमार्फत काम भइरहेको छ । "चामेतर्फबाट सडक खुलाउँदै ल्याउन गाह्रो भयो, तलबाट गरिरहेका छौं, पानी परेपछि बाढीपहिराले समस्या भइरहेको छ," उहाँले भन्नुभयो। मनाङका धेरै स्थानहरूमा नयाँ ट्र्याक खोल्नुपर्ने अवस्था छ।

# पोखराको चिप्लेढुंगाको बिच सडक मै भ्वाङ पर्‍यो

**पोखरापत्र संवाददाता**
**पोखरा, २० असार**

पोखराको व्यस्त बजार चिप्लेढुंगाको बिच सडक मै भासिएको छ। चिल्लेढुंगा बि.पी. चोक को सडक बिच भागमा आइतबार सडकमै भ्वाङ परेको पोखरामा महानगरपालिका वडा नम्बर ४ का वडा अध्यक्ष शंकर बास्तोलाले बताए।

हेर्दा सानो भ्वाङ भए पनि जेसिबिको सहायताले खन्दै जादा पुरुवा सहितको माटो ढुंगाको भाग भएको र कमलो माटो भएकोले गर्दा जमिन भासिएको हुन सक्ने उनले बताए । पोखरा ४ क्षेत्रको धेरै भाग कमजोर भूभाग भएकोले लामो समय बर्षाद हुदाँ कुनै पनि ठाँउमा जमिन भासिन सक्ने वा भ्वाइ पर्न सक्ने अध्यक्ष बास्तोलाले बताए।

भासिएको (भ्वाङ) भागलाई



जेसिवीको सहायताले खनेर ग्रावेल हालेर पुरिएको अध्यक्ष बास्तोलाले बताए। केही समय अघि पछि हाल भासिएको भन्दा केही मिटर नजिक सडक भासिएको उनले जनाए । सडकमै भासिएको दृश्यावलोकन गर्न केही समय मानिसहरुको भिड् लागेको थियो।

# क्रियाशील सदस्यता छानबिन समितिको प्रवक्तामा पौडेल

**रासस**
**काठमाडौं, २० असार**

नेपाली कांग्रेस क्रियाशील सदस्य छानबिन समितिको प्रवक्ताको जिम्मेवारी केन्द्रीय सदस्य प्रदीप पौडेललाई दिइएको छ।

कांग्रेसको क्रियाशील सदस्यता छानबिन समितिले आइतबार एक विज्ञप्ति जारी गर्दै केन्द्रीय सदस्य पौडेललाई प्रवक्ताको जिम्मेवारी दिइएको बताइएको हो । छानबिन समितिको आधिकारिक धारणा सार्वजनिक गर्न केन्द्रीय सदस्य पौडेललाई प्रवक्ता तोकिएको कांग्रेस केन्द्रीय कार्यालयका सचिव केशव रिजालले जानकारी दिए । पार्टीका केन्द्रीय सदस्य रमेश लेखक संयोजक रहेको उक्त समितिमा पौडेलसहित आनन्द ढुङ्गाना, श्याम घिमिरे, जीवन परियार, कल्याण गुरुङ र योगेन्द्र चौधरी सदस्य रहेका छन्।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार
जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१
नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# हचुवाको भरमा योजना छनोट गर्दा शून्य प्रगति

**– खेमराज गौतम**
**बागलुङ, २० असार (रासस)**

कुनै पूर्वयोजना, त्यसको प्रभाव र आवश्यकताको विश्लेषण नगरी योजना छनोट गर्दा कार्यान्वयनमा समस्या भएको छ।

सङ्घीय सरकारबाट सःशर्त अनुदानअन्तर्गत हस्तान्तरण भएर जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय बागलुङअन्तर्गत चालु आर्थिक वर्षमा योजनामा समावेश भएको बागलुङ नगरपालिका-१४ नारायणस्थानस्थित नारायण लिफ्ट सिँचाइ आयोजना आव सकिनै लाग्दासमेत काम शुरु हुनसकेको छैन । योजना सान्दर्भिक नभएको भन्दै रु ५० लाखको योजना शुरु नै हुन नसकेको स्थानीयवासी बताउँछन् । यसैगरी रु ४० लाखको लागतमा निर्माण गर्ने भनेर बजेट आएको जैमिनी नगरपालिकाको दमेकस्थित रितिप फेदी राउदी सिँचाइ आयोजनाको हालत पनि उस्तै छ । हचुवाका भरमा योजना छनोट गर्दा शुरु नै हुन नसकेको सङ्घीय सरकारका यी दुई योजना उदाहरण मात्रै हुन् । यस्ता सिँचाइ योजना बागलुङमा दर्जनभन्दा बढी छन् । नारायण लिफ्ट सिँचाइ योजना ३०० मिटर उचाइमा पानी तान्नुपर्ने भएकाले सरकारी मापदण्डभन्दा बाहिर परेका कारण शुरु नै हुन नसकेको हो । आवश्यकता नै नभएको स्थान, प्राविधिक मूल्याङ्कन नमिल्नुजस्ता कारण जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय बागलुङले योजना कार्यान्वयन गर्न नसकेको स्वीकार गरेको छ। डिपिआर (विस्तृत परियोजना प्रतिवेदन)बिनै योजना छनोट गर्ने, आवश्यकता नभएको स्थानमा योजना, योजना संशोधनमा समस्या र कोरोनाका कारण योजना कार्यान्वयनमा यस वर्ष समस्या भएको डिभिजन कार्यालयले जनाएको छ।

कार्यालयका अनुसार सङ्घीय सरकारका अधिकांश योजना कार्यान्वयनमा आउन सकेका छैनन् । कार्यालयप्रमुख सुरेन्द्र पौडेलका अनुसार हालसम्म सङ्घीय सरकारबाट हस्तान्तरण भएर आएका १६ सिँचाइ आयोजनाको प्रगति ४० प्रतिशत रहेको बताउनुभयो । उहाँका अनुसार प्रदेशका योजनाको कार्यान्वयन भने सन्तोषजनक छ । अहिले प्रदेशअन्तर्गत चालु आवमा सञ्चालित ५६ योजनाको प्रगति ६० प्रतिशत र असार मसान्तसम्म ८० प्रतिशत पुग्ने पौडेलको भनाइ छ । "सङ्घीय सरकारका १६ र प्रदेश सरकारका ५६ आयोजनामध्ये केही सिँचाइ आयोजना शुरु नै हुन सकेनन्, योजना सान्दर्भिक नभएका कारण कार्यान्वयनमा समस्या आउँछ, योजना छनोट गर्दा हचुवाका भरमा पहुँच पुग्नेले गर्ने भएकाले कार्यान्वयनमा समस्या छ", डिभिजन प्रमुख पौडेलले भन्नुभयो, "प्रदेशका योजना सन्तोषजनक छन्, केही सिँचाइ आयोजना कोरोनाका कारण सम्पन्न हुन सकेनन् भने केही आयोजना सम्पन्न भएर पनि भुक्तानी लिन नआएका कारण प्रगति थोरै देखिएको हो ।" यस कार्यालयबाट सम्पन्न हुने ९५ प्रतिशत सिँचाइ आयोजना उपभोक्ता समितिमार्फत हुने भएकाले कारोनाका कारण केही योजना नराम्रोसँग प्रभावित भएको कार्यालयका सूचना अधिकारी शङ्कर बुढाथोकीले बताउनुभयो । बुढाथोकीकाअनुसारनदीनियन्त्रणमा भने लक्ष्यअनुसारको प्रगति भएको छ । गलकोटको गौदीखोला नदी नियन्त्रणका लागि छुट्याइएको रु ४० लाख बजेटको प्रभावकारी कार्यान्वयन भएको उहाँको भनाइ छ । विसं २०७३ मा मध्यपहाडी लोकमार्ग विस्तारका क्रममा गलकोट नगरपालिका-११ दरमखोला जलाकुनी मनेवा सिँचाइ आयोजनामा क्षति पुगेर १४ हेक्टर जमीन सिँचाइबाट वञ्चित भएकामा अहिले उक्त सिँचाइ कुलो रु ४० लाखको लागतमा मर्मत गरेपछि सञ्चालनमा आएको छ।

विसं २०७३ देखि सिँचाइ गर्न नपाएको उक्त खेतमा मर्मतपछि केही सहज भए पनि पुरानै अवस्थामा सिँचाइ पुऱ्याउन भने नसकिएको उपभोक्ता समितिका सचिव तेजेन्द्र श्रीषले जनाकारी दिनुभयो । अहिले सात हेक्टरमा भए पनि सिँचाइ पुगेको छ । लामो समयदेखि सिँचाइविहीन उर्वरभूमिमा योजना नपर्नु तर हचुवाका भरमा नयाँ-नयाँ योजना छनोट गर्दा कार्यान्वयनमा समस्या भएको सूचना अधिकारी बुढाथोकीले बताउनुभयो । चालु आवमा प्रदेशबाट ५६ सिँचाइ योजना निर्माण तथा मर्मतमा रु २६ करोड र सङ्घीय सरकारका १६ योजनामा रु चार करोड७० लाख रकम विनियोजन भएको थियो । सोमध्ये रु एक करोड ८० लाखमा बरेङ गाउँपालिका तथा जैमिनी नगरपालिकामा ५७६ काठेपोल विस्थापित गरेको डिभिजन कार्यालयले जनाएको छ।

# राष्ट्रिय प्रसारण लाइन आएको पाँच महिनामै क्षति

**–नवीन लामिछाने**
**मनाङ, २० असार**

केन्द्रीय विद्युत् प्रसारण लाइन आएको पाँच महिनामै मनाङको विद्युत् सेवामा बाढीपहिराले क्षति पुऱ्याएको छ । यही असारको शुरुआतदेखि परेको अविरल वर्षाका कारण जिल्लामा पहिलोपटक आएको नेपाल विद्युत प्राधिकरणको ३३ केभी प्रसारण लाइनमा क्षति पुगेको हो।

बाढीपहिराले प्रसारण लाइनमा रु ८० लाख बराबरको क्षति पुऱ्याएको नेपाल विद्युत प्राधिकरण मनाङ वितरण केन्द्रका प्रमुख मिलन सुवेदीले बताउनुभयो। प्रमुख सुवेदीले भन्नुभयो, "गत वर्षको फागुनमा मात्र नेपाल विद्युत प्राधिकरणको ३३ केभी प्रसारण लाइन मनाङ पुगेको हो । केन्द्रको लाइन आएको पाँच महिना मात्र भएको थियो । यही असार १ गतेदेखि परेको अविरल वर्षाका कारण आएको बाढीपहिरोले केन्द्रीय विद्युत् प्रसारण लाइनमा रु ८० लाख बराबरको क्षति पुऱ्याएको छ । बाढीपहिराले बिजुलीको पोल र तार पुरिनुका साथै बाढीले बगाएर लगेको छ ।" लघु जलविद्युत्को भरमा चलेको हिमाली जिल्ला मनाङमा केन्द्रीय प्रसारण लाइन चामे सदरमुकामसम्म विद्युत् सेवा उपलब्ध गराइएको थियो । फाइबर इन्सुलेटरबाट विद्युत् चार्ज गरिएसँगै जिल्लामा पहिलोपटक केन्द्रीय प्रसारण लाइन जोड्न सफल भएको थियो । अहिले बाढीपहिरोले क्षति पुऱ्याएपछि पुनः जडानमा कठिनाइ भएको वितरण केन्द्रका प्रमुख सुवेदीले बताउनुभयो। उहाँ भन्नुहुन्छ, "भौगोलिक विकटतासँगै अन्य प्राविधिक समस्या जिल्लामा छ । पहिले केन्द्रीय प्रसारण लाइन जडान गर्न निकै कठिनाइ भएको थियो । भारतदेखि फाइबर इन्सुलेटर झिकाएर जडान गरेपछि केन्द्रीय विद्युत् बाल्न सफल भएका थियौँ, तर बाढीपहिराले क्षतविक्षत बनाएपछि समस्या पुनः दोहोरियो ।"

मनाङको माथिल्लो भेगसम्म लाइन विस्तारका लागि कूल रु तीन करोड ५४ लाख ४१ हजार लाग्ने अर्थ मन्त्रालयले जनाएको छ । प्राधिकरणका अनुसार मनाङ सदरमुकाम चामेबाट माथिल्लो मनाङ, खाङसार हुँदै तिलिचो आधार शिविरसम्मका लागि रु एक करोड १८ लाख ८४ हजार १४० विनियोजन भएको छ भने जिल्लाको माथिल्लो भेगस्थित मनाङ, टङ्किमनाङ हुँदै थोरोङ्ला आधार शिविरसम्मका लागि रु दुई करोड ३५ लाख ५६ हजार ९३४ विनियोजन भएको थियो।

केन्द्रीय प्रसारण लाइनमा मात्र नभई बाढीपहिराले जिल्लाको लघुजलविद्युत्मा समेत क्षति पुऱ्याएको छ। यही असार १ गतेदेखि परेको अविरल वर्षाका कारण आएको बाढीपहिराले जिल्लाको १० लघु जलविद्युत् आयोजनामा क्षति पुगेको छ । बाढीपहिराका कारण क्षति पुगेको जलविद्युत् तत्काल मर्मत गर्न सम्भव भने देखिएको छैन । नेपाल विद्युत् प्राधिकरण मनाङ वितरण केन्द्रका प्रमुख मिलन सुवेदीका अनुसार बाढीपहिराका कारण झण्डै रु १३ करोड बराबरको नोक्सानी भएको छ। मर्स्याङ्दी नदी र जिल्लाका विभिन्न स्थानीय खोलामा आएको बाढीपहिराले पुरिनुका साथै सबै सामान बगाएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "मनाङमा पहिलोपटक यसरी बाढीपहिराले भौतिक संरचनामा यति धेरै क्षति पुऱ्याएको हो । दश लघुजलविद्युत्मध्ये मनाङ सामुदायिक लघुजलविद्युत् आयोजना निर्माणकै अवस्थामा रहेको थियो। निर्माणाधीन अवस्थामा रहेको १०० किलोवाट क्षमताको सो जलविद्युत् पहिराले पुरिनुका साथै बाढीले बगाएको छ । बाढीपहिराले लघुजलविद्युत्मा रु १३ करोड बराबरको क्षति पुऱ्याएको छ।" जिल्लाभित्र रहेका १० लघुजलविद्युत् आयोजनामा बाढीपहिरोले सो रकम बराबरको क्षति पुऱ्याएको हो । बाढीपहिराका कारण विद्युत् सेवाबाट विच्छेद भएको जिल्लाको सदरमुकाम चामेका सरकारी कार्यालयमा आइतबारदेखि सोलार जडान गरिएको छ। बयालिस किलोवाटको लघुजलविद्युत् आयोजना बाढीले बगाएपछि गत जेठ ३० गतेदेखि चामेका सरकारी कार्यालयमा विद्युत् सुविधा विच्छेद भएको थियो। सरकारी कार्यालयमा विद्युतीय भुक्तानी सेवा, सूचना प्रविधि र कम्प्युटर प्रणालीमा आधारित सरकारी सेवा प्रवाह अवरुद्ध भएपछि गण्डकी प्रदेश सरकारले सोलार उपलब्ध गराएको हो। सरकारले १६ वटा कार्यालयका लागि चार चरणमा सौर्य ऊर्जा प्रणालीका सामग्री शनिबार चामे ल्याएको हो । पोखराबाट बेँसीशहर लगिएको भए पनि मौसम खराब भएका कारण सामान चामे पुऱ्याउन सकिएको थिएन। शनिबार मौसम खुलेसँगै ती सामग्री मनाङ ल्याइएको र आइतबारदेखि जडान शुरु भएको नेपाल विद्युत् प्राधिकरण मनाङ वितरण केन्द्रका प्रमुख मिलन सुवेदीले बताउनुभयो। करीब रु १९ लाखको सामान ढुवानीका लागि रु चार लाख ३१ हजार खर्च भएको छ।

सबै खर्च गण्डकी सरकारले नै ब्यहोरेको छ। सार्वजनिक खरीद ऐनबमोजिम विशेष परिस्थितिमा सार्वजनिक खरीद प्रक्रिया अपनाई सामान ल्याइएको हो। प्रत्येक कार्यालयका लागि १५० वाटका दुई वटा सोलार प्यानल, दुई वटा ब्याट्री र इन्भर्टर उपलब्ध गराइएको छ । असार मसान्तमा सम्पादन गर्ने कामसमेत बिजुली नभएकै कारण प्रभावित भएका छन् । मुख्यमन्त्री कृष्णचन्द्र नेपालीको अध्यक्षतामा यही असार ६ गते बसेको प्रदेश विपद् व्यवस्थापन समितिको बैठकले सोलार खरीद गरेर पठाउने निर्णय गरेको थियो।

# ताराखोलामा बहुसांस्कृतिक सङ्ग्रहालय

**पोखरापत्र संवाददाता**
**बागलुङ, २० असार**

मगर जातिको बाहुल्य रहेको ताराखोला गाउँपालिका-२ अर्गलमा बहुसांस्कृतिक सङ्ग्रहालय निर्माणले गति लिएको छ। गत मङ्सिरदेखि निर्माण थालिएको सङ्ग्रहालयको ६० प्रतिशत काम पूरा भएको जनाइएको छ। आगामी फागुनभित्र निर्माण सक्ने लक्ष्य छ। बीस २० कोठे सङ्ग्रहालय भवनको दोस्रो तला अहिले ढलान भइरहेको गाउँपालिकाका अध्यक्ष प्रकाश घर्तीले जानकारीदिनुभयो । रु दुई करोड १६ लाख बजेटमा जुम्ली निर्माण सेवाले सङ्ग्रहालय बनाउने जिम्मा पाएको थियो।

सङ्ग्रहालय निर्माणमा सङ्घ सरकारसँग गाउँपालिकाको लागत साझेदारी छ । गाउँपालिकाको रु ५० लाख, पूर्वसांसद देवन्द्र पौडेलको 'सांसद विकास कोष'को रु ५० लाख र बाँकी बजेट पर्यटन मन्त्रालयले दिएको हो।

परापूर्वकालदेखिको समाज, संस्कृति र जीवनशैलीको झल्को दिने गरी सङ्ग्रहालय बन्ने अध्यक्ष घर्तीको बताउनुभयो छ। "मौलिक कला, संस्कृतिको संरक्षण होस् भन्ने हाम्रो उद्देश्य हो", उहाँले भन्नुभयो, "सङ्ग्रहालयले नयाँ पर्यटकीय आकर्षण पनि थप्छ ।" सङ्ग्रहालयको पहिलो तलामा पुरातात्विक महत्वका वस्तु र परम्परागत सामग्री सङ्ग्रह गरिने भएको छ। राजनीतिक परिवर्तनको आन्दोलनमा ताराखोलाले पुऱ्याएको योगदान समेटिएका तस्वीर, वृत्तचित्र जस्ता सामग्री दोस्रो तलामा राख्ने योजना गाउँपालिकाको छ।

तत्कालीन माओवादी सशस्त्र युद्धमा ताराखोलाका २७ जनाले शहादत प्राप्त गरेका थिए । सङ्ग्रहालयले सिङ्गो गाउँपालिकाको इतिहास, कला, संस्कृतिका साथै ताराखोलामा रहेका सबै जातीय समुदायको पहिचानको प्रतिनिधित्व गर्ने जनाइएको छ।

सङ्ग्रहालयलाई पछि सांस्कृतिक अध्ययन, अनुसन्धान केन्द्रका रुपमा विकास गरिने अध्यक्ष घर्तीले बताउनुभयो । सांस्कृतिक एकता र भाइचारालाई पनि सङ्ग्रहालयले प्रतिबिम्वित गर्नेछ । बहुसांस्कृतिक सङ्ग्रहालयले ताराखोलालाई नयाँ चिनारी दिने स्थानीय शिक्षक एवं मगर अगुवा बिर्बलाल घर्तीले बताउनुभयो । सङ्ग्रहालय निर्माणमा गाउँपालिकाले गरेको लगानी स्वागतयोग्य रहेको उहाँको भनाइ छ। मगर जातिका अनेक परम्परा, रीतिथीति र पर्व ताराखोलामा प्रचलित छन्। ३०० वर्षअघि डोल्पाको ताराभोट र पाल्पाको अर्गलीबाट आएका मगरले ताराखोलामा थातथलो बसाएका थिए । तीनै पूर्वजले बसाइँसराइ गरी आउँदा भित्राएका पर्व र मेलालाई अहिलेका पुस्ताले पनि जोगाइरहेका छन्।




लेकसाइका पसल : कोरोना भाइरस सङ्क्रमणको जोखिम बढेपछि सरकारले जारी गरेको निषेधाज्ञा खुलेपछि पोखरा लेकसाइका पसल खुल्न थालेको छ। तस्वीर : चन्द्रकला क्षेत्री, रासस

# नेपालकै पहिलो लक्ष्मी हयग्रीव नारायण मन्दिर क्षेत्रमा गुर्जो रोपण

**रासस**
**काठमाडौं, २० असार**

कागेश्वरी मनोहरा नगरपालिका-४ कोलमतेश्वरस्थित नेपालकै पहिलो लक्ष्मी हयग्रीव नारायण मन्दिर क्षेत्रमा गुर्जो रोपण गरिएको छ ।गुर्जो अभियानकर्मी कमलबहादुर राजलवटको पहलमा मन्दिर क्षेत्रको २० रोपनी क्षेत्रफलमा करिब १०० बिरुवा रोपिएको हो । मानव शरीरमा रोग प्रतिरोधी क्षमता वृद्धि गर्ने गुर्जो कोरोना सङ्क्रमण हुन नदिन उपयोगी मानिएको छ।

कार्यक्रमको शुभारम्भ गर्दै मन्दिरका संरक्षक रुरु पीठाधीश स्वामी जगदीश प्रपन्नाचार्यले मानिसलाई निरोगी बनाउने गुण हाम्रो वरपर रहेका जडीबुटीमा भएपनि त्यसलाई बिर्सँदै गएका बेला गुर्जो रोपण अभियानले पुनर्जागरण गरेको बताउनुभयो।

योग शिक्षक अच्युत अर्यालले समुन्द्र मन्थन हुँदा निस्किएको अमृत देवता र राक्षसबीच खोसाखोस हुँदा गुर्जोमा परेकाले यसलाई संस्कृतमा वनस्पति भनिएको उल्लेख गर्नुहुँदै त्यसैकारण यसले रोग प्रतिरोधी क्षमता बढाउनसक्ने बताउनुभयो । मन्दिर व्यवस्थापन समितिका अध्यक्ष ध्रुवप्रसाद सिम्खडाले गत वर्षसम्म यस क्षेत्रको जङ्गलमा गुर्जो भएपनि विसं २०७६ चैतमा कोरोनाबाट बच्न बन्दाबन्दी जारी गरिएपछि उजाडिएको बताउनुभयो। उहाँले गुर्जो उजाडिएको क्षेत्रमा अभियनकर्मी राजलवटको सहयोगमा पनि फेरि फस्टाउने अवसर प्राप्त भएकामा खुसी व्यक्त गर्नुभयो। कार्यक्रममा अभियानकर्मी राजलवटले मानव शरीरबाट विभिन्न किसिमका टक्सिन निकाल्न गुर्जोबाट बनेको धुलो र चिया उपयोगी हुने बताउनुभयो । आन्तरिक राजश्व कार्यालय धुलिखेलको कार्यालय प्रमुख रहनुभएका राजलवटले कोरोना महामारी शुरु भएपछि विसं २०७६ देखि नै निःशुल्क गुर्जो रोपण अभियान चलाउँदै आउनुभएको छ। आन्तरिक राजश्व कार्यालय लहानको कार्यालय प्रमुख हुँदा त्यहाँको सरकारी आवास गृह परिसरमा उत्पादन गरिएको गुर्जोका बिरुवा उहाँले गत वर्ष देशभर निःशुल्क बाँड्नुभएको थियो। गुर्जो मानव शरीरमा रोग प्रतिरोधी क्षमता विकास गर्ने वनस्पति भएकाले यसबाट बनेको चिया र धुलो उपयोगी मानिन्छ। यसको डाँठ र रस पनि सेवन गरेर आरोग्यता प्राप्त गर्न सकिने जनाइएको छ। गुर्जोका विषयमा ५०० भन्दा बढी अनुसन्धान गरिएकामा यो बहुउपयोगी वनस्पति पुष्टि भएको जनाइएको छ। उच्च रक्तचाप, मधुमेह, कब्जियतलगायत रोगका लागि फाइदा गर्ने गुर्जो गर्भवती र पाँच वर्षमुनिका बालबालिकाले भने खान नहुने जनाइएको छ। न्यून रक्तचाप भएकाले भने बिरेनुन वा नुन मिलाएर खान सकिने अभियानकर्मी राजलवट बताउनुहुन्छ ।नयाँ भेरियन्टसहितको कोरोना महामारी फैलिएपछि राजलवटले रोग प्रतिरोधी क्षमता वृद्धि गर्ने गुर्जोबाट बनेको चिया र धुलो ३६ जिल्लाका १२१ केन्द्रबाट निःशुल्क वितरणको व्यवस्था मिलाउनुभएको छ।

विसं २०७६ चैतमा कोरोनाबाट बच्न बन्दाबन्दी जारी गरेदेखि नै उहाँले गुर्जोका बिरुवा र यसबाट बनेको चिया र धुलो निःशुल्क वितरण गर्दै आउनुभएको थियो। विसं २०७६ मा एक लाख ६० गुर्जोका बिरुवा निःशुल्क वितरण गर्नुभएका उहाँले यस वर्ष पनि करिब ११ हजार बिरुवा निःशुल्क बाँड्नुभएको छ। एक घरमा एक गुर्जोको बिरुवा हुर्काएर विभिन्न रोगबाट बच्ने शक्तिका लागि औषधि बनाउन सकिने राजलवटको विश्वास छ।

आयुर्वेद शास्त्रको 'यस्य देशस्य यो जन्तो : तस्य तद् औषधं हितम्' अर्थात् मानिस जुन स्थानमा जन्मन्छ उसलाई औषधिको काम गर्ने वनस्पति त्यहीँ हुन्छ भन्ने वचनका आधारमा प्रत्येक घरमा एउटा गुर्जोको बिरुवा रोपाउने अभियानमा आफू लागेको उहाँ बताउनुहुन्छ । घरसँगै सार्वजनिक स्थलमा पनि गुर्जो रोपेर मानवलाई आवश्यक परेका बेला औषधिका रूपमा उपयोग गर्न सकिने विश्वास लिइएको छ।


## स्वास्थ्य बीमा सम्बन्धी नागरिकहरुले जान्नै पर्ने कुराहरु

- स्वास्थ्य बीमा कार्यक्रम नेपाल सरकारको प्राथमिकता प्राप्त कार्यक्रम हो ।
- यो कार्यक्रम आ.ब.२०७२।०७३ मा कैलाली जिल्लाबाट शुरु भएको हो ।
- काठमाडौ र ललितपुर बाहेक सबै जिल्लाहरुमा कार्यक्रम लागू भै सकेको छ ।
- प्रत्येक वडामा रहेका दर्ता सहयोगी मार्फत यस कार्यक्रममा आबद्ध हुन सकिन्छ ।
- यो पारस्परिक सहयोग आदान प्रदान र सामाजिक साझेदारीमा आधारित कार्यक्रम हो ।
- ५ जना सम्मको परिवारलाई वार्षिक रु.३५००।- योगदान रकम तिरेर रु.१,००,०००।- सम्मको स्वास्थ्य उपचारको सुविधा पाईन्छ ।
- ५ जना जना भन्दा बढी सदस्य भएको परिवारलाई वार्षिक रु.३५००।- मा प्रति थप सदस्य रु.७००।- तिर्नु पर्छ । साथै प्रति थप सदस्य रु.२०,०००।- वृद्धि हुदै जान्छ र परिवार संख्या अनुसार बढीमा रु.२,००,०००।- सम्मको स्वास्थ्य उपचारको सुविधा पाईन्छ ।
- जेष्ठ नागरिक लगायत तोकिएका लक्षित वर्गहरुलाई पूर्ण तथा आंशिक छुटको व्यवस्था छ ।
- आफु बसोबास गरेको नजिकैको स्वास्थ्य बीमा बोर्डमा सूचीकृत भएको सरकारी स्वास्थ्य संस्थालाई प्रथम सेवा विन्दुको रुपमा राखी सेवा लिन सकिन्छ ।
- सेवा लिन जाँदा आवश्यकता अनुसार प्रथम सेवा विन्दु रहेको स्वास्थ्य संस्थाबाट रेफर भई विशिष्टिकृत स्वास्थ्य संस्थामा जान सकिन्छ तर आकस्मिकको हकमा रेफर हुनु पर्दैन ।
- सबै नागरिकहरु सचेत र सहयोगी भई सेवा लिने प्रक्रियमा सहभागी हुनुपर्दछ ।
- सेवा प्रदायक स्वास्थ्य संस्था, नागरिक तथा सरोकारवाला निकायहरुको आपसी समन्वय, सहकार्य र समझदारीबाट मात्र यस कार्यक्रमलाई सफल पार्न सकिन्छ ।

"स्वास्थ्य सेवामा सर्वव्यापी पहुँचका लागि स्वास्थ्य बीमा"

नेपाल सरकार
स्वास्थ्य बीमा बोर्ड
टेकु, काठमाण्डौ

थप जानकारीका लागि
www.hib.gov.np मा लग ईन अथवा कार्यालय समय भित्र
टोल फ्रि नं. १६६००१११२२४ मा फोन गर्नुहोस ।